ठाटीकाँध गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लकान्द्र, दैलेख

कर्णाली प्रदेश, नेपाल

## स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि

## २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७५/०२/ १४ |

# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

(ठाटीकाँध गाँउ  कार्यपालिकाबाट पारित)

प्रस्तावनाः नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधितथा मापदण्ड स्थानीय राजपत्र माप्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने  अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्यनिर्धारण र बिक्रीवितरणको प्रबन्ध गर्न ठाटीकाँध गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम ठाटीकाँध गाँउपालिकाको मितिः २०७५/०२/ १४ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग- १

## प्रारम्भिक

१. कार्यविधिको नामःयस कार्यविधिको नामस्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५ रहेको छ ।

२. कार्यविधिलागू हुनेःयो कार्यविधिठाटीकाँध गाँउकार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

## भाग-२

## स्थानीय राजपत्रको भाग र ढाँचा

३. स्थानीय राजपत्रको भागहरुःस्थानीय राजपत्रमाप्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमकाभागहरुमावर्गीकरण गरिएको छ।

४. स्थानीय राजपत्रको ढाँचा:स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भएबमोजिमहुनेछ ।

५. खण्डको व्यवस्था:स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्रप्रकाशनभएको वर्ष उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २), कायम गरी त्यसपछि क्रमश:जतिवर्ष भयो त्यति नै संख्याउल्लेख गरी प्रकाशन गरिनेछ ।

६. स्थानीय राजपत्रको संख्या: (१) स्थानीय राजपत्रको संख्याकायमगर्दा क्रमश: संख्याकायम गरिनेछ ।

(२) उपदफा(१)बमोजिम संख्याकायमगर्दा नेपालीबर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशनभएकाविषयमाक्रमश: संख्या राखीअर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. स्थानीय राजपत्रमाप्रकाशन गर्ने सामग्री:स्थानीय राजपत्रप्रकाशनगर्दा बिषयवस्तुसँग सम्बन्धितभागको उल्लेख गरी (जस्तै ऐन भएभाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री ( ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखीप्रकाशन गरिनेछ ।

८. स्थानीय राजपत्रप्रकाशन गर्ने अधिकारी:स्थानीय राजपत्रठाटीकाँध गाँउपालिकाको प्रमुखप्रशासकीयअधिकृतको आदेशानुसार प्रकाशनहुनेछ । यसरी प्रकाशनगर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुखप्रशासकीयअधिकृतको नाम रगाँउपालिको प्रमुखप्रशासकीयअधिकृत भन्ने वाक्यांश राखीवाप्रमुखप्रशासकीयअधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाईअधिकार प्रत्यायोजन गरेको भएत्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग-३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथावितरण

९. स्थानीय राजपत्रप्रकाशनको जिम्मेवारी:(१) कार्यपालिकाले कुनै शाखावाएकाइलाई स्थानीय राजपत्रप्रकाशन सम्वन्धीकामकालागिकार्य विवरण सहितजिम्मेवारी तोक्नेछ ।

(२) उपदफा(१)बमोजिमतोकिएको शाखावा एकाइबाट मात्र स्थानीय राजपत्रप्रकाशन गरिनेछ ।

१०. प्रकाशनपूर्व सम्पादन गर्नपर्नेः(१) प्रकाशनहुने सामग्रीगाँउकार्यपालिकाको कानून सम्वन्धीविषय हेर्ने शाखावा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादितप्रति प्रमाणीकरण गरी राजपत्रप्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः(१) प्रमाणीकरण भई आएकासामग्रीको अभिलेखदुरुस्त राखिनेछ ।

(२) उपदफा(१)बमोजिमस्थानीय राजपत्रको अभिलेख व्यवस्थापनकालागि छुट्टै पुस्तिका खडा गरी सोहीपुस्तिकामाप्रकाशनभएका सामग्रीको सिलसिलेवार संख्याखुलाई अद्यावधिक रुपमाअभिलेख राखिनेछ ।

(३) प्रमुखप्रशासकीयअधिकृत वानिजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाईप्रमाणित गरिनेछ ।

१२. निःशुल्क रुपमाउपलब्ध गराउनु पर्नेगाँउपालिकाले स्थानीय राजपत्रको प्रकाशितप्रति देहायकानिकायमानिःशुल्क रुपमाउपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीयमामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग)गाँउपालिकाको सूचनातथाअभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीयविभाग/महाशाखा/शाखा,र

(ङ) गाँउपालिकाकाप्रत्येक वडा कार्यालय

१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेःगाँउपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाँउपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. विक्रीवितरणको व्यवस्थातथाबिक्रीमूल्य:(१) प्रकाशित स्थानीय राजपत्रगाँउपालिकावडाहरु र स्थानीयतहको सूचनातथाअभिलेखकेन्द्र तथातोकिएको शाखावाएकाइमार्फत विक्रीवितरणको व्यवस्थामिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहायबमोजिमकोबिक्रीमूल्यनिर्धारण गरिएको छ,

(क) बार्षिक सदस्यबनाई बिक्रीगर्दा:वडा कार्यालय वाठाटीकाँध गाँउपालिकाबाट बुझिलिने गरीबार्षिक सदस्यताशुल्कलिई बिक्री गरेमा बार्षिक रु. ५९०/_ (पाँच सय नब्बेमात्र)

(ख) खुद्राबिक्रीगर्दा :स्थानीय राजपत्रको सदस्यनभएको कुनै व्यक्तिवा संघ संस्थाले स्थानीय राजपत्रलिनचाहेमा देहायबमोजिमको फुटकर बिक्रीमूल्यतोकिएको छ

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमाथपप्रति पेज २८ पैसाका दरले थपशुल्कलिइनेछ ।

द्रष्टव्य: माथिउल्लेखित दर कायमगर्दा नेपाल राजपत्रको प्रचलितबिक्री दरलाई आधार लिइएको छ । स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताकाआधारमा परिमार्जन गर्न सक्नेछ ।

१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमाजम्मा गर्ने : स्थानीय राजपत्रबिक्रीबापतप्राप्त राजश्वगाँउपालिकाको सञ्चित कोषमाजम्मा गरिनेछ ।

१६. कार्यविधिको व्याख्या: यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममाकुनै द्विविधाउत्पन्नभएमागाँउकार्यपालिकाले गरेको व्याख्याअन्तिमहुनेछ ।

१७. बचाऊः यो कार्यविधिलागू हुनुभन्दाअगावै गाँउपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधिवा मापदण्ड यसै कार्यविधिबमोजिमप्रकाशनभएको मानिनेछ ।

धर्मराजन्यौपाने

प्रमुखप्रशासकियअधिकृत

आज्ञाले

ठाटीकाँध गाँउपालिका

गाउँकार्यपालिकाको कार्यालय